स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.), रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- 9359

मितिः-२०८३/०१/२९

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सामुदायिक,संस्थागत तथा धार्मिक विद्यालय सबै,
फतुवा विजयपुर नगरपालिका, रौतहट ।

उपरोक्त सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.स. २०८२/०८३ च.नं. ८७ मिति २०८३/०१/२९ गतेको प्राप्त पत्र बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत्र २२ गतेको निर्णयबमोजिम शैक्षिक सत्र २०८३ मा शैक्षिक संस्थाहरुमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय भएको, सो निर्णय कार्यन्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३/०१/२८ को निर्णयानुसार शैक्षिक संस्थाहरुले पठनपाठनमा स्वीकृत पाठयक्रमले तोकेअनुसारको कार्यघण्टालाई निम्नअनुसार मिलाई कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

(१) प्रत्येक दिन प्रार्थना समय १५ मिनेट र खाजा समय ३० मिनेट व्यवस्थापन गर्ने ।
(२) सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने ।
(३) हिउँदे/बर्षे बिदा अवधि साबिकको ४५ दिनलाई ३० दिन कायम गर्ने ।
(४) पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्याङ्कनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्ने गरी व्यवस्थापन गर्न सकिने । अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिमका १२ दिनलाई उपयोग गर्न सकिने ।
(५) स्वीकृत पाठयक्रम एवम् निर्धारण गरिएका सिकाइ उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न साप्ताहिक रुपमा समुदाय एवम् परिवारका क्रियाकलाप, सन्दर्भ सामग्री तथा सूचना प्रविधिको उपयोगसँग सम्बन्धित बहुविषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य शुक्रबार दिने र आवश्यकताअनुसार प्रस्तुति गर्ने अवसर प्रदान गर्ने ।
(६) परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठयक्रम विकास केन्द्रको वेबसाइटमा रहेको परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२ बाट समेत सहयोग लिन सकिने । यसका लागि स्थानीय तह, विद्यालय र शिक्षकले स्वीकृत पाठयक्रमको विषयक्षेत्र समेटी परियोजना कार्य निर्माण गरी कार्यान्वयन गर्न सक्ने ।

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा वेबसाइटमा अपलोड गरिदिनु हुन ।

२०८३/१/२९

मुकेश साह
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख